# काठमाडौँ उपत्यकामा संचालित रेडियो/एफ.एम. अनुगमन प्रतिवेदन, २०७५

रेडियो/एफ.एम. उपसमितिद्वारा

न्यूनतम पारिश्रमिक निर्धारण समितिमा प्रस्तुत

मिति : २०७५, असार

**प्रस्तुतकर्ता**

संयोजक : राजु लामा

सदस्य : संगीता खड्का

सदस्य : भुपेन्द्र आचार्य

सदस्य : प्रविण कट्वाल

सदस्य : भरत आचार्य

सदस्य : महेन्द्र लाल श्रेष्ठ

## क. प्रारम्भ :

न्युनतम पारिश्रमिक निर्धारण समिति अन्तर्गत रेडियो एफ एममा अनुगमन गर्ने उदेश्यका साथ समितिका सदस्य राजु लामाको नेतृत्वमा कार्यदल गठन गरेको छ । न्युनतम पारिश्रमिक निर्धारण समितिले प्रत्येक बर्ष नेपाल सरकार सुचना तथा प्रबिधि मन्त्रालयको कार्यादेश बमोजिम मुलुकभर सञ्चालित सञ्चार गृहमा सरकारले तोकेको न्युनतम पारिश्रमिक लागु भएको छ वा छैन त्यसैगरी श्रमजीवी पत्रकार ऐन कार्यन्वयनको अबस्था कस्तो रहेको छ भनेर अनुगमन गरेको छ। कार्यदलले नेपाल सरकार र न्युनतम पारिश्रमिक निर्धारण समितिले दिएको क्षेत्राधिकार र सिमा भित्र रहेर यस बर्ष अनुगमन सम्पन्न गरेको छ। रेडियो एफ एम कार्यदललाई काठमाडौं उपत्यकामा सञ्चालित रेडियो एफ एमहरुमा अनुगमन गर्ने र त्यसको प्रतिबेदन समिति समक्ष प्रस्तुत गर्ने भनिएको थियो । कार्यदल न्युनतम पारिश्रमिक निर्धारण समितिका सदस्य राजु लामाको संयोजकत्वमा छ सदस्यीय रहेको छ जसमा प्रेस काउन्सिलबाट संगिता खड्का, नेपाल पत्रकार महासंघबाट भुपेन्द्र आचार्य, श्रम बिभागबाट महेन्द्र लाल श्रेष्ठ, सुचना प्रबिधि बिभागबाट प्रबिण कट्वाल र संचार तथा प्रबिधि मन्त्रालयबाट भरतप्रसाद आचार्य सदस्य रहेका छन ।

कार्यदलले आवश्यकता अनुरुप बैठक बसी उपत्यकामा सञ्चालित अधिकांश रेडियो र एफ एममा अनुगमन गर्ने कार्य गरेको छ जसमा हामीले पाएका अधिकार क्षेत्र भित्र रही व्यवस्थापक, नेपाल पत्रकार महासंघका प्रतिनिधि र कार्यरत श्रमजीवी पत्रकारहरुसँग अर्न्तक्रिया गर्नुका साथै समितिले उपलब्ध गराएको फारम समेत भराएका छौं । अनुगमनका क्रममा सरोकारवाला पक्षसँग लिखित र मौखिक प्रतिक्रिया लिदै कार्यदलले गरेको अनुगमन पश्चात बिभिन्न चरणमा छलफल गरी यो प्रतिबेदन तयार पारिएको छ । अनुगमनका लागि सिमित कार्यक्षेत्र, स्रोत, साधन र अधिकार भएपनि नेपाल सरकार सुचना तथा सञ्चार प्रबिधि मन्त्रालयले अनुगमनबाट निस्केका निष्कर्षहरुलाई कार्यन्वन गरेमा सञ्चार जगतमा ब्यापक रुपमा रहेका समस्याहरुको समाधान हुने समिति र कार्यदलले बिश्वास लिएको छ।

## ख. अनुगमनको कार्यक्षेत्र :

न्युनतम पारिश्रमिक निर्धारण समितिले मुलुकभरको सञ्चार गृहमा न्युनतम पारिश्रमिक कार्यन्वयनको अबस्थाको साथै श्रमजीवी पत्रकार ऐन कार्यन्वयनको अबस्थाको अनुगमन गर्दै आईरहेको छ यद्यपि समिति मातहत गठित रेडियो एफ एम कार्यदलले काठमाडौं उपत्यकामा सञ्चालित केही रेडियो र एफ एममा न्युनतम पारिश्रमिक र श्रमजीवी पत्रकार

ऐन कार्यन्वयनको अबस्थाको बारे जिम्मेबारी पाए बमोजिम अनुगमन गरेको छ । उपत्यकामा सरकारी, निजि र सामुदायिक गरी तीन प्रकारका रेडियो एफ एमहरु सञ्चालनमा रहेका छन जस्को संख्या ३८ रहेको छ ।

३८ वटा मध्ये कार्यदलले १२ वटा रेडियोमा पुगेर त्यहाँको ब्यबस्थापक, नेपाल पत्रकार महासंघका प्रतिनिधि र श्रमजीवीहरुसँग प्रत्यक्ष अर्न्तक्रिया र समितिले उपलब्ध गराएको फारम सक्दो सबैसँग वा प्रतिनिधिमुलक रुपमा भराएको पनि छ । न्युनतम पारिश्रमिक र श्रमजीवी पत्रकार ऐनले गरेको व्यवस्था बमोजिम कतिपय बिषयहरु फारममा समेटिएका छन साथै त्यसमा नसमेटिएका तर सुझाउनै पर्ने कतिपय बिषयहरुलाई पनि यो प्रतिबेदनमा समेटिएका छन । उपत्यकामा सञ्चालित  रेडियो एफ एम मध्ये हामीले रेडियो नेपाल, मेट्रो एफ एम, कान्तिपुर एफ एम, इमेज एफ एम, सगरमाथा एफ एम, सामुदयिक रेडियो नेटबर्क, थाहा रेडियो, उज्यालो एफ एम, अन्नपुर्ण एफ एम, नेपाल एफ एम, मेरो एफ एम, मिरमिरे एफ एममा अनुगमन गर्‍यौ । यसमा नाम उल्लेखित भएका रेडियो एफ एममा हामीले प्रत्यक्ष अनुगमन गरी यो प्रतिबेदन तयार पारेका छौं ।

**ग. अनुगमनका क्रममा देखिएका समस्याहरु :**

न्युनतम पारिश्रमिक निर्धारण समितिका आफ्नै सिमा र कार्यक्षेत्र रहेको छ । यस समितिले श्रमजीवी पत्रकार ऐनले गरेको व्यवस्था वा दिएको अधिकार वा कार्यक्षेत्र भित्र रहि श्रमजीवी पत्रकारहरुको समयानुकुल पारिश्रमिक निर्धारण गरी कार्यन्वयनका निम्ति सिफारिश गर्ने रहेको छ । न्युनतम पारिश्रमिक निर्धारण समितिले हरेक वर्ष श्रमजीवि पत्रकारहरुको अबस्था अनुगमन गर्ने तर कार्यान्वयन भने अपेक्षित रुपमा हुन नसकेको गुनासो विशेषत श्रमजीवि पत्रकारहरुले गरेका थिए । सरोकारवाला निकाय र विभिन्न पक्षले यसको अधिकार क्षेत्रमाथि प्रश्न उठाउँदै समस्याको समाधान नहुने हो की भन्ने समस्या अनुगमनका क्रममा देखिएको छ । समितिले दिएको अधिकार बमोजिम कार्यदलले अनुगमन गरे पनि सरकोकारवालाले सरकारले कार्यन्वयनको पक्ष माथि उदासिनता देखाएको भन्ने गुनासो नै सबै भन्दा जटिल समस्या देखिएको छ ।

अनुगमनका बेलामा कतिपय संचारमाध्यममा व्यवस्थापकको अनुपस्थिति र कतिपय ठाउँमा गैरजिम्मेबारीपुर्ण रुपमा प्रस्तुति हुँदा अनुगमनमा समस्या त एकातिर छदैछ त्यसमाथि पनि साँचो अर्थमा न्युनतम पारिश्रमिक लागू र श्रमजीवी पत्रकार ऐन कार्यन्वयनको बिषयमा व्यवस्थापनको गैरजिम्मेबारी पन भने प्रष्टै देखिएको छ । यस्तै श्रमजीवीको पक्षबाट

अनुगमनमा उल्लेख भएका कतिपय बिषयहरु व्यवस्थापनको बिरुद्ध जाने र सरकारले सो बिषयहरुलाई कार्यन्वयनको सट्टा बेवास्ता गरिदिदा व्यवस्थापकबाट प्रत्यक्ष रुपमा उनीहरुले भोग्नुपरेको समस्याका कारण अनुगमनका क्रममा श्रमजीवि पत्रकारहरुले व्यवस्थापककै अगाडि धेरै समस्या खुलेर राख्न नसकेको हामीलाई अनुभुती भयो ।

**घ. अनुगमनका क्रममा भरिएका फारमको सम्बन्धमा :**

न्युनतम पारिश्रमिक निर्धारण समिति अन्तर्गत गठित रेडियो एफ एम कार्यदलले आफ्नो अनुगमनका क्रममा व्यवस्थापन, नेपाल पत्रकार महासंघ प्रतिष्ठान शाखाका प्रतिनिधि र श्रमजीवीका तर्फ गरी तीन प्रकारका फारम भराएका छन । प्रत्येक सञ्चार गृहमा प्रतिनिधिमुलक रुपमा व्यवस्थापनको तर्फबाट एक प्रतिनिधि, नेपाल पत्रकार महासंघ प्रतिष्ठान शाखाको अध्यक्ष एक वा प्रतिनिधि र श्रमजीवी पत्रकारहरुको पक्षबाट सकेसम्म बढी र कम्तिमा ५ जना सम्म प्रतिनिधिमुलक रुपमा फारम भराईएको थियो । फारम भराउँदा गोपनीयताको ख्याल गर्दे फारममा नभएका र नसमेटिएका बिषयबस्तुहरु अर्न्तक्रियाको क्रममा समेत सुझावका रुपमा लिएका थियौं । अनुगमनकै क्रममा सरकारी रेडियो एफ एममा फरक प्रकृतिको व्यवस्थापन, निजि र ब्यबसायिक रेडियो एफ एममा फरक व्यवस्थापन र सामुदयिक रेडियोमा फरक प्रकृतिको ब्यस्थापन देखियो । त्यसैगरी श्रमजीवीको पनि यस्तै प्रकारका फरक फरक अबस्था देखियो । अनुगमनको क्रममा श्रमजीवीको सन्दर्भमा कोही स्थायी सेवामा, कोही अस्थायी र करार, कोही ज्यालादारी देखियो भने कतिपय ठाउँमा नियुक्ति बेगर काम गरेका श्रमजीवीहरु पनि देखियो जसलाई हामीले त्यसै अनुरुप बर्गिकृत गर्दै फारम भरायौं । यस्का साथै कतिपय रेडियो एफ एममा सञ्चालक र श्रमजीवी एकै ब्यक्ति भएको पनि देखियो उनीहरुलाई पनि फारम भराई समस्या समाधानका उपायहरु के हुन सक्छन भनेर पहिल्याउने यो कार्यदलले भरमग्दुर प्रयास गरेको छ ।

**ङ. श्रमजीवी पक्षका सुझाबहरु :**

१. न्युनतम पारिश्रमिक नपाएका श्रमजीवी पत्रकारलाई तत्काल न्युनतम पारिश्रमिक पाउने व्यवस्था गर्नुपर्ने ।

२. न्युनतम पारिश्रमिक पुनराबलोकन गरी तत्काल बढाउनुपर्ने र कार्यन्वयनका निम्ति ठोस कदम चाल्नुपर्ने ।

३. श्रमजीवी पत्रकार ऐनको कार्यन्वयनमा सरकार र ब्यस्थापन पक्ष अत्यन्तै उदासिन देखिएकोले कार्यन्वयनमा तत्काल र ठोस कदम चाल्नुपर्ने ।

४. श्रमजीवी पत्रकार ऐनले दिएको कुनै पनि सुबिधा नपाएको जस्तै बिदा, बिमा, कल्याणकारी कोष, सञ्चयकोष, उपदान आदि तत्काल कार्यन्वयन गर्नेपर्ने नगर्ने सञ्चार गृहलाई राज्यले दण्डित गर्नेपर्ने ।

५. रेडियो नेपाल र मेट्रो एफ एममा लामो समयदेखि करार सेवामा कार्यरत पत्रकारहरुलाई एक पटकको लागि राज्यले कानुन बनाई आन्तरिक प्रतिस्पर्धा मार्फत स्थायी गर्नेपर्ने वा श्रमजीवी पत्रकार ऐनले गरेको व्यवस्था बमोजिम स्वतं स्थायी गरिनुपर्ने ।

६. निजि र सामुदायिक एफ एममा श्रमजीवी पत्रकार ऐन बमोजिम स्थायी नियुक्तिको व्यवस्था गर्नुपर्ने, अस्थायी, करार र ज्यालादारी प्रथाको अन्त्य हुनुपर्ने ।

७. लामो समय सम्म अस्थायी वा करारमा कार्यरत पत्रकारलाई सरकारी भए राज्य र निजि सामुदयिक भए सम्बन्धित व्यवस्थापनले स्थायी गर्न नसके स्थायीले पाउने सुबिधा जस्तै उपदानको व्यवस्था गरी अबकाशको व्यवस्था गर्नेपर्ने ।

८. लामो समयदखि अस्थायी, करार वा ज्यालादारीमा कार्यरत पत्रकारलाई स्थायी नगराए सम्म कम्तिमा सरकारी भए सरकार र निजि सामुदायिक भए सम्बन्धित व्यवस्थापकले बिमा, बिदा, सञ्चयकोषको तत्काल व्यवस्था गर्नुपर्ने ।

९. निजि र सामुदयिक रेडियो तथा एफ एममा कार्यरत पत्रकारहरुलाई श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरे बमोजिम सुबिधा नदिए सम्बन्धित व्यवस्थापकलाई राज्यले आबस्यक कारबाही गर्नुपर्ने साथै अटेरी गरे थप कारबाही गर्नेपर्ने ।

१०. सरकारी रेडियो र एफ एममा सरकारी कानुनको नै ठाडो उल्लंघन गर्ने प्रबृत्तिलाई निरुत्सहित गर्न सुचना तथा सञ्चार प्रबिधि मन्त्रालयले आबश्यक कारबाही गर्नुपर्ने, सम्बन्धित अधिकारीलाई कानुन उल्लंघन गरेकोमा स्पष्टीकरण वा कारबाही गर्नुपर्ने ।

११. न्यनतम पारिश्रमिक निर्धारण समितिलाई कामकाजी समिति बनाउनुपर्ने, यस्को अधिकार क्षेत्र बढाई न्युनतम पारिश्रमिक र श्रमजीवी पत्रकार ऐन कार्यन्वयन नगर्ने सञ्चार संस्था र सञ्चालककलाई कारबाही गर्न पाउने अधिकार समेत यो समितिलाई दिनुपर्ने ।

१२. न्युनतम पारिश्रमिक निर्धारण समितिले कर्मकाण्डी अनुगमनको प्रक्रिया नअपनाई उपत्यका मात्र नभई मुलुकभर बर्षै भरी अनुगमन गर्ने र समितिको निर्देशन पालना नगर्ने सञ्चार संस्था र संचालककलाई तत्काल कारबाही गर्ने व्यवस्था गर्नुपर्ने ।

१३. न्युनतम पारिश्रमिक निर्धारण समितिको नाम परिबर्तन गरी कारबाहीको अधिकार सहित पारिश्रमिक समिति राख्नुपर्ने ।

१४. न्युनतम पारिश्रमिक निर्धारण समितिको स्रोत र साधन बढाई थप प्रभावकारी बनाई कामकाजी समिति र पत्रकारको हक, हित र अधिकारको निम्ति साँचो अर्थमा लड्ने सरकारी निकायको रुपमा स्थापना गर्नुपर्ने ।

१५. सरकारी सञ्चार संस्थालाई भर्ती केन्द्रको रुपमा मात्र बिकास नगरी राज्यको जिम्मेबारी बहन गर्ने सञ्चार संस्थाको रुपमा बिकास गर्नुपर्ने ।

१६. पारिश्रमिक निर्धारण गर्दा समयानुकुल हुने गरी पदीय बर्गिकरण सहित गर्नुपर्ने ।

**च. व्यवस्थापन पक्षका सुझाबहरु :**

१. सरकारी, ब्यबसायीक र सामुदायिक रेडियो एफ एमको बर्गिकरण गरेर मात्र न्युनतम पारिश्रमिक निर्धारण गर्नुपर्ने ।

२. श्रमजीवी पत्रकार ऐनको पुर्ण कार्यन्वयन पहिले सरकारी संचार माध्ययमले गर्नुपर्ने ।

३. न्युनतम पारिश्रमिक पुर्ण रुपमा कार्यन्वयन गराउन संचार संस्थालाई राज्यले दिने सुबिधामा भेदभाव गर्न नहुने, समानुपातिक बिज्ञापन प्रणाली र लोककल्याणकारी बिज्ञापनको बितरण न्यायोचित तरिकाले गर्नुपर्ने ।

४. पुर्णकालिन र आंशिक कार्य गर्ने पत्रकारहरुको न्युनतम पारिश्रमिक बर्गिकरण गरेर मात्र गर्नुपर्ने पुर्णकालिन र आंशिक कार्य गर्ने पत्रकारहरुलाई एउटै ब्यबहार गर्न नसकिने ।

६. सरकारी रेडियोलाई सरकारले कर्मचारीलाई तलब भत्ता खुवाउन आर्थिक व्यवस्थामा कन्जुस्याई गर्न नहुने ।

७. ब्यबसायिक सञ्चार माध्ययमलाई राज्यले दिने कुनै पनि सुबिधाबाट बन्चित गर्न नहुने यसलाई उद्योगको दर्जा दिनुपर्ने ।

८. सामुदायिक रेडियो समुदायमा आधारित हुने भएकोले राज्यले यस प्रकारको रेडियो एफ एमलाई बिशेष सुबिधा दिनुपर्ने, ब्यबसायिक रेडियोको हकमा लगाएका कर प्रणाली देखि अन्य नियमहरु लगाउन नहुने ।

९. श्रमजीवी पत्रकार ऐन कार्यन्वयनमा सरकार आफै बाधक बनेकाले सरकारले सर्बप्रथम पालना गरेर अन्य संचार संस्थालाई लगाम लगाउनुपर्ने ।

१०. सरकारी संयन्त्र खुकुलो र अनुगमन अपारदर्शी भएकाले निजि सञ्चार माध्ययमलाई बाध्यकारी बनाउने कानुनको कुनै अर्थ नहुने भएकाले पहिले सरकारी निकाय प्रष्ट हुनुपर्ने अन्यथा समस्याको दिर्घकालिन समस्या नहुने ।

११. सरकारी बिज्ञापनमा पहुँचवाला र एकलौटी स्वामित्व र हस्तक्षेपलाई सरकार ले नियन्त्रण गरी सबैलाई समान ब्यबहार गर्नुपर्ने ।

१२.न्युनतम पारिश्रमिक र श्रमजीवी पत्रकार ऐन लागु गराउन भुगोल, जनशक्ति, उत्पादन क्षमता, सामुदायिक दायित्व र संस्थाको संस्थागत अबस्था हेरेर मुल्यांकन वा कारबाही गर्नुपर्ने ।

१३. सरकारले संचार संस्था खोल्ने अनुमतिमा कडाई गर्नुपर्ने, बजारको आंकलन गरेर मात्र कुनै नयाँ संचार संस्था खोल्ने प्रणालीको बिकास गर्नुपर्ने ।

**छ. अनुगमनको क्रममा देखिएका समस्याको अल्पकालिन र दिर्घकालिन समस्या समाधानका निम्ति कार्यदलको तर्फबाट सरकारलाई दिइने सुझावहरु :**

न्युनतम पारिश्रमिक निर्धारण समिति अर्न्तगत गठित रेडियो एफ एम कार्यदलले उपत्यकामा सञ्चालित अधिकांश सरकारी, ब्यबसायिक र सामुदयिक रेडियो एफ एमको अनुगमन गर्दा वा सर्बेक्षणका क्रममा तिनै पक्षलाई फारम भराउनुका साथै व्यवस्थापक, नेपाल पत्रकार

महासघका प्रतिनिधि, श्रमजीवी पत्रकार र न्युनतम पारिश्रमिक निर्धारण समिति अर्न्तगत गठित उपसमितिका सदस्यहरुको सहभागिता रहेको थियो । अनुगमनकै क्रममा समितिको पटक पटक बैठक बसी अनुगमनलाई कसरी प्रभावकारी बनाउने र तथ्यमा आधारित प्रतिबेदन तयार गरी नेपाल सरकार सुचना तथा प्रबिधि मन्त्रालयलाई बुझाउने निर्णय गरेका थियौ । त्यसै अनुरुप समितिको र कार्यदलको समेत बैठक बसी निम्न बमोजिम अल्पकालिन समस्या समाधान र दिर्घकालिन समस्या समाधान गर्न निम्न सुझाबहरु प्रस्तुत गरेका छौं ।

समस्याको पहिचान पहिलो बिषय भएकाले समस्याहरुलाई प्रथमत पहिचान गर्नु नै यो कार्यदलले कार्य गरेको छ । उपत्यकामा सञ्चालित प्राय रेडियो एफ एमहरु ब्यबसायिक, सक्षम र व्यवस्थित देखिए पनि केही रेडियो एफ एममा भने व्यवस्थापकीय कमजोरी समेत देखिएको छ । व्यवस्थापकिय कमजोरी, लगानीकर्ता र कर्मचारी आफै र कुनै रेडियो निश्चित मापदण्ड र बिधामा सञ्चालित भएकाले फरक फरक प्रकृतिका समस्या र समाधानका उपायहरु कार्यदलले अबलम्बन गर्न सुझाएको छ । सरकारी रेडियो एफ एममा व्यवस्थापन चुस्त देखिए पनि कुनै कुनै समस्या समाधान गर्न राज्य आफै अग्रसर हुनुपर्ने देखिएको छ भने सबल व्यवस्थापन भएका निजि रेडियो एफ एममा न्युनतम पारिश्रमिकको खासै समस्या नभए पनि यसको पुनराबलोकन हुनुपर्ने र श्रमजीवी पत्रकार ऐनले व्यवस्था गरेको न्युनतम पारिश्रमिक बाहेक अन्य बृत्ति, बिकास र सुबिधामा समस्या देखिएको छ । तसर्थ समस्याको पहिचान गर्ने बिषय नै समाधानको पहिलो पक्ष हुने भएकाले समस्यालाई सर्बप्रथम बर्गिकरण गर्न जरुरी देखिन्छ । समस्याको पहिचान गर्न रेडियो एफ एम कार्यदलले तीन किसिमका समस्यालाई मुलत बर्गिकरण गरेको छ ।

पहिलो अहिले बिद्यमान न्युनतम पारिश्रमिक नपाएका दोस्रो न्युनतम पाएका तर श्रमजीवी पत्रकार ऐनले दिएको अन्य सुबिधा नपाएका र तेस्रो सबै सुबिधा पाएका तर अस्थायी वा करार प्रकृतिको सेबा भएकाले सञ्चयकोष, उपदान, बिमा जस्ता अधिकारबाट बन्चित भएका । यसरी श्रमजीवीको हकमा समस्याहरु यस प्रकारले बर्गिकरण गर्न सकिन्छ भने व्यवस्थापन पक्षको पनि यसरी नै तीन प्रकारले बर्गिकरण गर्दा उचित हुने दखिन्छ । पहिलो सरकारी सञ्चार संस्था जो सरकारी स्रोतबाट सञ्चालित हुन्छ, दोस्रो ब्यबसायिक जसले बिसुद्ध ब्यबसाय मात्र गर्छ । यस भित्र पनि दुई प्रकारका व्यवस्थापकिय अबस्था रहेको छ । पहिलो सबै हिसाबले सक्षम र अर्को ब्यबसायिक भएपनि केही कमजोर । तेस्रो भने सामुदयिक रेडियो एफ एमहरु छन जस्ले बिसुद्ध ब्यबसाय मात्र पनि गर्न सक्दैनन यद्यपि समुदायमा आधारित रही आय आर्जन गर्दे व्यवस्थापकीय पक्षलाई अगाडि बढाएको जसमा पनि दुई प्रकारका रहेका छन । पहिलो सक्षम व्यवस्थापन अर्को असक्षम व्यवस्थापन यसरी व्यवस्थापकीय रुपमा पनि समस्यालाई पहिचान गरेर समाधानको उपाय पहिल्याउनु पर्ने निष्कर्ष कार्यदलले निकालेको छ ।

**ज. तत्काल सम्बोधन गर्नुपर्ने समस्याको समाधान :**

१. न्युनतम पारिश्रमिक तत्काल कार्यन्वयन गर्न सरकारले निर्देशन दिने, कार्यन्वयन नगर्ने संचार संस्थालाई कारवाहीको दायरामा ल्याउने ।

२. श्रमजीवी पत्रकार ऐन बमोजिम नियुक्ति पत्र दिन सबै सञ्चार गृहलाई कडा निर्देशन दिने नदिनेलाई कारबाहीको सिफारिस गर्ने ।

३. श्रमजीवी पत्रकार ऐन बमोजिम अस्थायी पत्रकारलाई स्थायी गर्न निर्देशन दिने नगर्ने संचार गृहलाई कारबाही गर्ने ।

४. श्रमजीवी पत्रकार ऐनले र नियमाबलीले व्यवस्था गरे बमोजिम सबै सुबिधा दिन निर्देशन दिने नगर्नेलाई कारबाही गर्ने ।

५. सबै प्रकारका संचार गृहमा श्रमजीवी पत्रकार ऐन कार्यन्वयन भए नभएको लिखित निबेदन दिन सबै पत्रकारलाई आहवान गर्ने ।

६. श्रमजीवी पत्रकार ऐन कार्यन्वयनका लागि सुचना तथा प्रबिधि मन्त्रालयले न्युनतम पारिश्रमिक निर्धारण समितिलाई कारबाही गर्न सक्ने सम्मको कार्यदेश दिने बा कार्यक्षेत्र बढाउने ।

**झ. दिर्घकालिन रुपमा समाधान गर्नुपर्ने समस्याहरु :**

१. न्युनतम पारिश्रमिक निर्धारण समितिको प्रतिबेदनलाई कार्यन्वयन गर्ने ।

२. समानुपातिक बिज्ञापन प्रणाली लागु गराउन आबश्यक कानुन निर्माण गर्ने ।

३. श्रमजीवी पत्रकार ऐनमा रहेका केही प्राबधानहरु संशोधन गर्नुपर्ने देखिन्छ जस्तै श्रम ऐनमा उल्लेख भएको स्वत स्थायी हुने प्राबधान श्रमजीवी पत्रकार ऐनमा संशोधन मार्फत राख्ने ।

४. सरकारी संचार माध्यममा लामो समयदेखि कार्यरत पत्रकारहरुलाई श्रमजीवी पत्रकार ऐन बमोजिम स्वत स्थायी वा कानुनी समस्या परेमा एक पटकको लागि स्थायी गर्ने कानुनी प्राबधानको व्यवस्था गर्ने ।

५. लोककल्याणकारी बिज्ञापन बितरणमा देखिएको भेदभावलाई हटाउन छुट्टै कानुन बनाउने ।

६. श्रमजीवी पत्रकार ऐन कार्यन्वयन र संचार क्षेत्रमा देखिएका सबै खाले समस्यालाई सम्बोधन गर्न संबैधानिक उच्चस्तरीय मिडिया आयोग गठनको कानुनी व्यवस्था गर्ने ।

**ञ. निष्कर्ष :**

माथि उल्लेखित बिषयहरुलाई मध्यनजर गर्दै समस्या समाधान गर्न स्वयम राज्य अर्थात सुचना तथ सञ्चार प्रबिधि मन्त्रालय आफै अग्रसर भएमा संचार क्षेत्रमा रहेका बिद्यमान समस्याको समाधान हुँदै जाने देखिन्छ । अहिले प्रखर र ज्वलन्त रुपमा देखिएका समस्याहरुलाई चाङ लगाउने र प्रत्येक बर्ष झै प्रतिबेदनहरुलाई ग्रहण गर्ने यद्यपि सुझावहरुलाई समाधान गर्ने तिर एक कदम पनि अगाडि नबढ्ने हो भने संचार क्षेत्रमा रहेका बिद्यमान समस्याहरु जस्ताको तस्तै रहने छ अझ यो बिकराल रुपमा झांगिदै जानेछ जस्ले गर्दा सिंगो संचार जगत बदनाम हुने खतरा रहन्छ । मुहारले सबै कुरा बताउछ भने झै संचार जगत कुनै पनि लोकतान्त्रिक मुलुकको मुहार हो यसर्थ संचार जगत अस्थिर र बदनाम भए मुलुक नै अस्थिर र बदनाम हुने खतरा हुन्छ । न्युनतम पारिश्रमिक निर्धारण समिति अर्न्तगत गठित रेडियो एफ एम कार्यदलको प्रतिबेदनको यही निष्कर्ष संचार क्षेत्रलाई मर्यादित, व्यवस्थित, अनुशासित, सक्षम, शोषणरहित, भरपर्दो, बिश्वसनीय बनाउने प्रतिबेदनमा उल्लेख भएका बिषयहरुलाई निसर्त कार्यन्वयन गर्नुपर्ने रहेको छ ।

**धन्यवाद ।**